# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, कात्तिक १९ गते २०४२ साल (संख्या २९

## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

#### शाही नेपाली सैनिक विमान संभार समूह नियमावली, २०४२

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शाही नेपाली सैनिक विमान संभार समूह नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "संभार समूह" भन्नाले शाही नेपाली सैनिक विमान संभारसम्बन्धी काम गर्ने प्राविधिक कर्मचारीहरूको समूह सम्झनुपर्छ ।

(ख) "प्रवर समिति" भन्नाले नियम ३ बमोजिमको प्रवर समिति सम्झनुपर्छ ।

३. प्रवर समिति : संभार समूहको आयुक्त पदमा नियुक्तिको लागि सिफारिश गर्न देहायबमोजिमको एक प्रवर समिति रहनेछः–

(क) लोक सेवा आयोगको प्रतिनिधि — अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रधान सेनापतिले तोकेको सहायक रथी वा सोभन्दा माथिको रथीवृन्द — सदस्य

(ग) शाही नेपाली सैनिक विमान सेवा पति — सदस्य

(घ) उप-सैनिक सचिव — सदस्य-सचिव

४. न्यूनतम योग्यता: देहायको योग्यता नभई कुनै पनि उम्मेदवार संभार समूहको लागि प्रवर समितिबाट लिइने परीक्षामा सम्मिलित हुन पाउनेछैन:—

(क) छानिने वर्षको वैशाख १ गते २९ वर्ष ननाघेको,

(ख) एरोनटिकल विषयमा इञ्जिनीयरिङ्ग डिग्री प्राप्त वा कुनै एक केटेगोरीमा एयरक्राफ्ट मेन्टिन्यान्स इञ्जिनीयर (ए. एम्. ई.) को लाइसेन्स प्राप्त,

स्पष्टीकरण:— "केटेगोरी" भन्नाले एयरफ्रेम, इञ्जिन, रेडियो, इलेक्ट्रिकल, इन्स्ट्रुमेण्ट र अटोपाइलट आदिलाई जनाउँदछ ।

(ग) नेपाली नागरिक,

(घ) राजनीतिमा नलागेको,

(ङ) सैनिक मेडिकल बोर्डबाट उत्तीर्ण भएको ।

५. नियुक्ति : (१) प्रवर समितिले सिफारिश गरेको व्यक्तिलाई आयुक्त पद प्रदान गर्न प्रधान सेनापतिले श्री ५ महाराजाधिराज सरकारको स्वीकृतिको निम्ति श्री ५ को सरकार, रक्षा मन्त्रालयमा पेश गर्नेछन् र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछ ।

(२) प्रवर समितिको सिफारिशमा छानिएको उम्मेदवारलाई शुरूमा उप-सेनानी दर्जा प्रदान गरिनेछ र प्राविधिक बेसिक तालीम दिइनेछ ।

६. दर्जा प्रदान गर्न सकिने : (१) शाही नेपाली सैनिक विमान संभार कार्यमा कार्यरत कुनै कर्मचारीले संभार समूहमा कमिशन हुन इच्छा गरेमा प्रवर समितिको सिफारिशमा जुनियर इञ्जिनीयर र सोभन्दा माथिको पदमा गरी नौ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारीलाई एकै पटक एक्टिङ्ग सेनानीसम्म र सोभन्दा कम सेवा अवधि पुगेका कर्मचारीलाई सह-सेनानीसम्मको दर्जा प्रदान गर्न सकिनेछ ।

(२) उप-नियम (१) बमोजिम दर्जा प्राप्त गर्ने व्यक्तिले प्राविधिक बेसिक तालीम लिनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम दर्जा प्राप्त गर्ने व्यक्तिको नोकरी अवधि गणना गर्दा निजले त्यसरी दर्जा प्राप्त गर्नुभन्दा अघि गरेको स्थायी सेवा अवधिसमेत गणना गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. सब्सटचाण्टिभ प्रमोशन : सब्सटचाण्टिभ प्रमोशन देहायबमोजिम हुनेछः–

(क) उप-सेनानीबाट सह-सेनानीमा : २ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि र सैनिक प्राविधिक बेसिक तालीममा उत्तीर्ण भएपछि खाली ठाउँ छ भने ।

(ख) सह-सेनानीबाट सेनानीमा : ६ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

(ग) सेनानीबाट प्रमुख सेनानीमा : १४ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

(घ) प्रमुख सेनानीबाट महा-सेनानीमा : १८ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

८. एक्टिङ्ग प्रमोशन : देहायका दर्जामा एक्टिङ्ग प्रमोशन हुन देहायको सेवा अवधि पूरा गर्नु पर्नेछ ।

(क) महा-सेनानीमा – १५ वर्षको सेवा अवधि ।
(ख) प्रमुख सेनानीमा – १२ वर्षको सेवा अवधि ।
(ग) सेनानीमा – ८ वर्षको सेवा अवधि ।

९. अवधि : (१) प्रमुख सेनानी र सोभन्दा माथिको अधिकृतको पदावधि चार वर्षको हुनेछ ।

(२) उप-नियम (१) बमोजिमको चार वर्षको अवधि पूरा गरेपछि अर्को चार वर्षको एक अवधि श्री ५ को सरकारको स्वीकृति लिई थप गर्न सकिनेछ ।

(३) उप-नियम (२) बमोजिम थप भएको अवधि पनि पूरा भैसकेपछि होनहार अधिकृतलाई मात्र श्री ५ को सरकारको स्वीकृति लिई पुनः एक पटक अर्को चार वर्षको एक अवधि थप गर्न सकिनेछ ।

(४) उप-नियम (२) वा (३) बमोजिम अवधि थप नभई अवकाश पाउने भएका कुनै अधिकृतको निवृत्तभरण पाउने अवधि पुगेको रहेनछ भने, त्यस्ता अधिकृतलाई सो अवधि पुऱ्याउन आवश्यक पर्ने अवधि थप्न सकिनेछ ।

(५) यस नियममा जेसुकै कुरा लेखिएको भए तापनि कुनै पनि अधिकृतलाई नियम १० मा उल्लिखित उमेरको हद नाघ्ने गरी अवधि थप गरिनेछैन ।

१०. उमेरको हदः उमेरको हद देहायबमोजिमको हुनेछः–

महा-सेनानी – ५५ वर्ष ।
प्रमुख-सेनानी – ५४ वर्ष ।
सोभन्दा मुनि उप-सेनानीसम्म ५३ वर्ष ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
306